# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी

# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने कार्यलाई थप व्यवस्थित बनाउन वान्छनीय भएकोले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम समपूरक अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापना ऐन,२०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेश सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ६ वमोजिमको अनुदान सम्झनु पर्छ।

**३. समपूरक अनुदान प्रदान गरिने क्षेत्रः** (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने देहायका पूर्वाधार विकास सम्वन्धी योजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः-

(क) स्थानीय ग्रामीण वा कृषि सडक, जलमार्ग, सहरी सडकसंग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ख) नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई आयोजना वा कार्यक्रम,

(ग) विद्युतसेवाबाट बञ्चित रहेका तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले कार्यन्वयन हुने विद्युत उत्पादन तथा प्रसारण आयोजना वा कार्यक्रम,

(घ) स्थानीय स्तरका सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय तथा अन्य विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रम,

(ङ) पुलपुलेसा तथा झोलुङ्गे पुल नभएको कारणबाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने पूल तथा झोलुङ्गे पुल सम्बन्धी आयोजना वा कार्यक्रम,

(च) पर्यटन, खेलकुद सम्बन्धि पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका क्षेत्र,

सचिव

(छ) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित आवश्यक पूर्वाधार निर्माण आयोजना वा कार्यक्रम,

(ज) कृषि उपजको भण्डारण गृह तथा शित गृहहरु,

(झ) स्थानीय तहको लागि आवश्यक पर्ने वडा कार्यालय रहने भवनहरु,

(ञ) सौर्य, वायु लगायतका वैकल्पिक उर्जा उत्पादनसंग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ट) नविन प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना वा कार्यक्रम,

(ठ) बन तथा वातावारण संरक्षण सम्बन्धी आयोजना वा कार्यक्रम ।

(२) उपदफा (१) वमोजिम समपूरक अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयलाई समेत आधार लिनु पर्नेछ।

४. **समपूरक अनुदान माग गर्ने** : (१) स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश वा स्थानीय तह आफैले वा निजी क्षेत्रसंगको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वियन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वियन गर्ने आयोजना वा कार्यक्रम र हाल संचालनमा रहेका आयोजना वा कार्यक्रमसंग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र अनुसूची -१ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

तर आर्थिक बर्ष २०७५/०७६ को हकमा माघ मसान्तभित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याइ,

(ख) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको कूल लागत,

(घ) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ङ) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना वा कार्यक्रमको ड्इङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(छ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन,

(झ) आयोजना वा कार्यक्रम सम्पन्न भएपछि स्रोत परिचालनमा पुग्न सक्ने योगदन,

(ञ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि



सचिव

आवश्यक पर्ने रकमको विवरण,

(ट) आयोजना वा कार्यक्रमको कूल लागत मध्य प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ठ) निजि क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ड) समय समयमा प्रदेश सरकारले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम समपूरक अनुदानबाट आयोजना वा कार्यक्रमको कूल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ ।

**५. आयोजना वा कार्यक्रम छनौट समिति** : (१) दफा ४ बमोजिम समपूरक अनुदानबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव भई आएमा त्यस्ता आयोजना वा कार्यक्रमको सम्बन्धमा आवश्यक छानविन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको आयोजना वा कार्यक्रम छनौट समिति रहनेछ :-

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय - सदस्य

(घ) उपसचिव, बजेट, योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

(२) समितिले देहायका आधारमा योजना छनौट गर्नु पर्नेछः -

(क) आयोजना वा कार्यक्रम सम्भाव्यता, कूल लागत अनुमान, योजना कार्यान्वयन पश्चात प्राप्त हुने उपलब्धी, प्रतिफल वा लाभ,

(ख) आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसंग सम्बन्धित आयोजना वा कार्यक्रम,

(घ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसंग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ङ) जनताको आयस्तर वृद्धि गरी गरिवी निवारणमा योगदान पुग्ने आयोजना वा कार्यक्रम,

(च) रोजगारी वृद्धि गर्ने आयोजना वा कार्यक्रम,

(छ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने दिगो र भरपर्दो आयोजना वा कार्यक्रम,

(ज) स्थानीय तहको योगदानको हिस्सा धेरै भएको आयोजना वा कार्यक्रम,

(झ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने आयोजना वा कार्यक्रम।

(३) समितिले आयोजना वा कार्यक्रम छनौट गर्दा उपदफा (२) मा उल्लेख गरिएको अतिरिक्त सम्बन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकांक र सो क्षेत्रको पूर्वाधार विकासको अवस्था समेतको आधारमा आयोजना वा कार्यक्रम छनौट गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र छनौट गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७५/७६ को हकमा चालु आर्थिक वर्षको माघ मसान्तभित्र आयोजना वा कार्यक्रम गरिसक्नु पर्नेछ।

६. **प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्नेः** (१) दफा (५) बमोजिमको समितिले छनौट गरेको आयोजना वा कार्यक्रम कार्यान्वयन लागि त्यस्तो आयोजना वा कार्यक्रमको कूल लागत, आयोजना वा कार्यक्रमको प्रकृति, आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना वा कार्यक्रमबाट हुनसक्ने उपलब्धी, आयोजना वा कार्यक्रमको दिगोपना समेतको आधारमा स्थानीय तहलाई कुल लागतको अधिकतम चालिस प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रसंगको साझेदारीमा पूर्वाधार विकास सम्वन्धी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तह र निजी क्षेत्रले व्यहोर्ने रकम बाहेक नपुग रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा सम्बन्धित स्थानीय तहलाई प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपुरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सिमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको खर्चको सोधभर्नाको रुपमा उपलब्ध गराउनेछ ।

सचिव

(५) समपूरक अनुदानबाट कार्यान्वयनमा रहेका आयोजना वा कार्यक्रमको कार्यसम्पन्न भएपछि सम्बन्धित स्थानीय तहले कार्यसम्पन्न प्रतिवेदन सहित अन्तिम किस्ता निकासाको लागि मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

**७. समपूरक अनुदान प्रदान नहुने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका योजना वा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध गर्ने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना वा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भूक्तानीका आयोजना वा कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना वा कार्यक्रम,

(च) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(छ) रु. ५० लाख भन्दा कम कुल लागत भएका आयोजना वा कार्यक्रम।

**८. मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेः** स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१७) बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ । तर आ.व. २०७५/०७६ मा संचालन हुने आयोजना वा कार्यक्रम समावेश गर्नुपर्ने छैन ।

**९. आवधिक योजनामा समावेश गर्नु पर्नेः** स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

**१०. अनुदान रकम खर्च गर्ने प्रकृयाः** (१) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

सचिव

(४) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई प्रदेश आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंकिंग प्रणाली मार्फत गर्नु पर्नेछ।

(५) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।

**११. आयोजना वा कार्यक्रम तोकिएको समयावधी भित्र सम्पन्न गर्नु पर्ने :** समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम तोकिएको समय अवधिभित्र सम्पन्न गरी सक्नुपर्नेछ। सो अवधिभित्र आयोजना वा कार्यक्रम सम्पन्न नभएमा बाँकी कार्यको लागि थप अनुदान रकम निकासा दिइने छैन ।

**१२. मन्त्रालयले निर्देशन दिन सक्ने :** (१) समपूरक अनुदानबाट संचालित आयोजना वा कार्यक्रम उद्देश्य अनुरुप संचालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने देखिएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटी सच्याउने अवधि (डीफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाईएमा मन्त्रालयले सोको छानविन गरी सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारका लागि निर्देशन दिनु पर्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

**१३. अनुगमन तथा प्रतिवेदन :** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा जिल्ला समन्वय समितिले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले आयोजना वा कार्यक्रम गरेपछि सोको प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) जिल्ला समन्वय समितिले आफ्नो क्षेत्रभित्र समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिले आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

सचिव

**१४. अनुदान रकम कट्टा वा रोक्का गर्न सकिनेः** (१) समपूरक अनुदानबाट संचालनमा रहेका आयोजना वा कार्यक्रममा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मन्त्रालयले दफा (१२) बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा प्रदेश सरकारले त्यस्तो आयोजना वा कार्यक्रम संचालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने समपूरक अनुदान रकमबाट कट्टा गर्न वा रकम रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले मन्त्रालयले माग गरेको अवधि भित्र दफा (१३) बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ ।

**१५. आयोजना वा कार्यक्रम संचालन गर्ने जिम्मेवारीः** समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा संचालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना वा कार्यक्रम संचालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल

**अनुसूची १**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**समपूरक अनुदान प्रस्ताव गर्ने फारम**

(१) अनुदान माग गर्ने स्थानीय तहको नाम :

(२) ठेगाना:

(३) फोन,फ्याक्स र इमेल :

(४) कार्यक्रम वा आयोजनाको नाम :

(५) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने स्थानः

(६) कार्यक्रम वा आयोजनाको कूल लागत रु. :

(७) कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

(८) कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः

(९) कूल लागतमा स्थानीय तहको अनुपात रकम :

(१०) अन्य निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोकोअनुपात वा हिस्सा रकम :

(११) प्रदेश सरकारले व्यहोर्ने रकम :

(१२) संलग्न आवश्यक कागजातहरु :

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिविलीटि स्टडी) प्रतिवेदन

(ख) आयोजना वा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

(घ) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन,

(च) मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु ।

प्रमुख प्रशासकीय अधिकृतको-
दस्तखत :
नाम :
पदः
मिति :

सचिव

## अनुसूची-२

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम संचालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं:

| क.सं. | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | प्रथम/द्वितीय/तृतीय चौमासिक अवधिको लक्ष्य | | प्रथम/द्वितीय/तृतीय चौमासिक अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्ने

मितिः

सचिव

□□□